फोन-फ्याक्स
०८२-५६०१६२,
५६०२६३,५६११२६८,
५६०७००,५६०४१२
www.ghorahimun.gov.np


# घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

मिति:२०७७/१०/२६

प.स.:०७७/०७८
च.नं.: ३४२१

**भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको निवेदन दिने सम्वन्धी ३५ दिने सूचना**

भूमिहिन दलित, भूमिहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने सम्वन्धमा भूमि सम्वन्धी समस्या समाधान आयोगवाट मिति २०७७/१०/०९ गते प्रकाशित सूचना बमोजिम सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र ( मिति २०७७/११/१३ गते सम्म) कार्यालय समयमा घोराही उपमहानगरपालिकामा बसोवास गर्ने सम्पूर्ण भूमिहिन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीले तपशिल अनुसारका कागजात संलग्न गरी लगत सङ्कलन कार्यमा खटिएका लगत संकलक वा सम्वन्धित वडा कार्यालय वा वडा कार्यालयले तोकेको स्थानमा गई निवेदन दिनुहुन सम्वन्धित सरोकारवाला सबैमा यो सूचना जानकारी गराइएको व्यहोरा अनुरोध छ ।

तपशिल:

| क्र.स. | भूमिहिन दलित/भूमिहिन सुकुम्बासीको सम्वन्धमा | अव्यवस्थित बसोबासीको सम्वन्धमा |
|---|---|---|
| १. | परिवारमूली र नागरिकता प्राप्त परिवारका अन्य सदस्यको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि | १. परिवारमूली र नागरिकता प्राप्त परिवारका अन्य सदस्यको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि |
| २. | परिवारमूली र परिवारमूली पति/पत्नीको हालसालै खिचेको पासपोर्ट साइजको फोटो २/२ प्रति | २. परिवारमूली र परिवारमूली पति/पत्नीको हालसालै खिचेको पासपोर्ट साइजको फोटो २/२ प्रति |
| ३. | नेपाल राज्य भित्र आफ्नो र आफ्नो परिवारको कुनै पनि सदस्यको स्वामित्वमा कहिँ पनि जग्गा जमिन छैन, झुठा ठहरे कानून बमोजिम सहन बुझाउन मन्जुर छु भनि गरेको स्वघोषणा | उपभोगको प्रमाण सम्वन्धी कागजातको प्रतिलिपि (जस्तैः बसाईसराईको प्रतिलिपि, मतदाता परिचयपत्रको प्रतिलिपि, घरसार कागजको प्रतिलिपि, विद्युत तथा पानीको महसुल बुझाएको प्रमाण, घरनक्सा पासको प्रतिलिपि, स्थानीय तहले दिएको सिफारिस, घरधुरी कायम गरि कर संकलन गरेको प्रमाण आदि |



...मिराम के.सी.
...प्रशासकीय अधिकृत

फोन-फ्याक्स
०८२-५६०१६२,
५६०२४३,५६१२६८,
५६०७००,५६०४९९
www.ghorahimun.gov.np

# घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| ४. | आफ्नो र आफ्नो परिवारको कुनै पनि सदस्यको आय आर्जन स्रोत र प्रयासबाट जग्गा प्रवन्ध गर्न असमर्थ छु भनि गरेको स्वघोषणा | आफु र परिवारका सबै सदस्यहरुको नाममा अन्यत्र रहेको सबै जग्गाको प्रमाण पुर्जाको प्रतिलिपि र सम्वन्धित स्थानीय तहले सम्पत्ति कर प्रयोजनका लागि निर्धारण गरेको मूल्यांकन सम्वन्धी स्थानीय तहको रसिद वा पत्र |
| ५. | सरकारी अनुदान वा सहयोगबाट यस अघि नेपाल राज्यमा कुनैपनि सरकारी जग्गा वा जग्गाको स्वामित्व सहितको आवास प्राप्त गरेको छैन भनि गरेको स्वघोषणा | भूमि सम्वन्धी ऐन २०२१, आठौं संशोधन जारी भएको मिति २०७६ माघ २८ गते भन्दा १० वर्ष अगाडीबाट निज बसोबास गरी आएको जग्गा आवाद कमोत भई आएको हो भनी वडा समितिले गरेको निर्णय र सिफारिस |
| ६. | जग्गाधनी प्रमाण पूर्जा भएको तर नदीकटान, पहिरो डुबान वा अन्य प्राकृतिक विपदका कारणले आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा रहेको सबै जग्गा प्रयोगमा आउने सम्भावना नभएकाको हकमा त्यस्तो जग्गाको हकभोग नेपाल सरकारको नाममा कायम गरेको लगतकट्टा समितिको निर्णय र भूमिसुधार तथा मालपोत कार्यालयको पत्र | अव्यवस्थित बसोबासीले आफ्नो वा आफ्नो परिवारका सदस्यले सरकारी अनुदान वा सहयोगबाट ऐनको दफा ५२(ग) बमोजिम नेपाल राज्यभर कुनैपनि सरकारी जग्गा वा जग्गाको स्वामित्व सहितको आवास प्राप्त गरेको छैन भनि गरेको स्वघोषणा |
| ७. | उपभोगको प्रमाण सम्वन्धी अन्य कागजातहरु भए सोको प्रमाणित प्रतिलिपि | वडा समितिको बैठकबाट निज अव्यवस्थित बसोबासी हो भनी गरेको निर्णय र सिफारिस |
| ८. | वडा समितिको बैठकबाट निज भूमिहिन सुकुम्बासी / भूमिहिन दलित हो भनी गरेको निर्णय र सिफारिस | उपभोगको प्रमाण सम्वन्धी अन्य कागजात भए सो को प्रमाणित प्रतिलिपि |
| ९. | सुकुम्बासी हो भन्ने प्रमाणित गर्ने अन्य कागजात भए सो समेत | |

२०८१।१०।२६
ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत